आज मिति २०८० साल बैशाख महिनाको ३१ गते आईतबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को बाह्रौ कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी, वरिष्ठ शाखा अधिकृत)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०८०/०१/२८ गते नगर प्रमुखज्यूबाट मिति २०८०/०१/३१ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको बाह्रौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>बजेट कार्यतालिका सम्बन्धमा ।</td><td>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई समयसिमामा आबद्ध गर्ने थप व्यवस्था गरेको छ । जस अनुसार यस नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा निम्न बमोजिमको समय सिमा भित्र गर्ने ।<br>
<table>
<tr><th>चरण</th><th>समयसिमा</th></tr>
<tr><td>वडा तहको योजना छनौट तथा प्राथमिकीकरण</td><td>जेठ १५ गते भित्र</td></tr>
<tr><td>वडा बजेट तथा कार्यक्रम तर्जुमा</td><td>जेठ मसान्त भित्र</td></tr>
<tr><td>नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृती</td><td>असार ५ गते भित्र</td></tr>
<tr><td>नगर सभामा बजेट तथा कार्यक्रम प्रस्तुती</td><td>असार १० गते भित्र</td></tr>
<tr><td>नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृती</td><td>असार मसान्तभित्र</td></tr>
</table></td></tr>
<tr><td>२.</td><td>जग्गा विकास कार्यक्रम सम्बन्धमा ।</td><td>• यस नगरपालिकामा व्यवस्थित शहर विकासका लागि सम्भावित जग्गा र स्थल पहिचान गरी आधुनिक शहर बनाउने उद्देश्यले यस नगरपालिका भित्र रहेका जग्गालाई एकिकरण गरी बाटोघाटो, ढल, खुला तथा अन्य सामुदायिक स्थलहरु जस्ता भौतिक पूर्वाधारको व्यवस्था गर्न हाललाई यस नगरपालिकाको दक्षिण सिमाना वडा नं.३ को सिट नं.२ घ को कि.नं.२८, पश्चिम सिमाना ऐ.ऐ.को कि.नं.१७, उत्तर सिमाना ऐ.ऐ.को कि.नं.८३ र ऐ.ऐ.१ घ को कि.नं.२ र पूर्व सिमानामा ऐ.ऐ.सिट नं.२ घ को कि.नं.४७ र ५८ सहित उक्त चारकिल्ला भित्र पर्ने जग्गामा जग्गा विकास कार्यक्रमका लागि सम्भाव्यता अध्ययन एवं DPR निर्माणका लागि उपत्यका विकास प्राधिकरण तथा नगर विकास कोषलाई अनुरोध गर्ने ।</td></tr>
<tr><td>३.</td><td>नगरपालिका प्रशासनीक भवनको DPR स्वीकृत गरी बोलपत्र आह्वान सम्बन्धमा ।</td><td>• नेपाल सरकार मन्त्रि परिषद्को मिति २०७९/११/११ गतेको निर्णयानुसार नेपाल सरकारको नाममा जग्गाधनी दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला साविक शेषनारायण वडा नं.३ नक्शा/सिट नं. क कि.नं.२१०, क्षेत्रफल ४-१३-०-० उत्तरतर्फ यस नगरपालिकाको प्रशासनीक भवन बनाउन मिति २०७९/१०/१६ मा भएको सम्झौता अनुसार RN Engineering Consultancy, बुद्धनगर, काठमाडौंले तयार गरेको यस नगरपालिकाको वडा नं.५, चिन्तागणेश डाँडामा बन्ने नगरपालिका प्रशासनीक भवनको डि.पि.आर.स्वीकृत गरी रु.२५,७४,५७,५१४।- को तत्काल बोलपत्र आह्वान गर्ने ।</td></tr>
<tr><td>४.</td><td>बालबालिका सम्बन्धी कार्यविधि सम्बन्धमा ।</td><td>• यस दक्षिणकाली नगरपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितत गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न आवश्यक भएको हुदाँ बालबालिका सम्बन्धी एकिकृत व्यवस्था समेटीएको कानून ईकाई मार्फत् पेश गरिएको बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८० स्वीकृत गर्ने ।</td></tr>
</table>

मधु अर्याल खनाल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ५. | फुटवेयर जोन पहुँच मार्ग निर्माण सम्बन्धमा । | • विगत आ.ब.मा यस कार्यालयका लागी फुटवेयर जोनको पूर्वाधार निर्माण तथा पहुँच मार्गको लागि प्राप्त रकम रु.३ करोड मध्ये बोलपत्रका माध्यमबाट कार्य हुदाँ बाँकी हुन आएको रकम रु.३०,२४,१७४।- को समेत कार्य प्रगति गरि उद्योग मन्त्रालयमा प्रगति पेश गर्नु पर्ने भएको हुदाँ पुनः बोलपत्र आह्वान गर्न पर्याप्त समय नभएकोले सार्वजनिक खरिद नियमावलीको दफा ९७ अनुसार रु.१ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने हुदाँ उक्त बाँकी रकमको प्राविधिकबाट तयार भएको लागत अनुमान बमोजिम उपभोक्ता समितिबाट कार्य गर्ने । |

मधु ... नाल
प्रमुख प्र... अधिकृत